DENVER PUBLIC SCHOOLS

# २०२३-२४ स्कूल वर्ष क्यालेन्डर

स्कूलको पहिलो दिन

**जुलाई २०२३**

| आ | सो | म | बु | बि | शु | श |
|---|---|---|---|---|---|---|
| | | | | | | 1 |
| 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
| 9 | 10 | 11 | 12 | 13 | 14 | 15 |
| 16 | 17 | 18 | 19 | 20 | 21 | 22 |
| 23 | 24 | 25 | 26 | 27 | 28 | 29 |
| 30 | 31 | | | | | |

**अगस्ट २०२३**

| आ | सो | म | बु | बि | शु | श |
|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 5 |
| 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| 13 | 14 | 15 | 16 | 17 | 18 | 19 |
| 20 | 21 | 22 | 23 | 24 | 25 | 26 |
| 27 | 28 | 29 | 30 | 31 | | |

**सेप्टेम्बर २०२३**

| आ | सो | म | बु | बि | शु | श |
|---|---|---|---|---|---|---|
| | | | | | 1 | 2 |
| 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |

**अक्टोबर २०२३**

| आ | सो | म | बु | बि | शु | श |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 8 | 9 | 10 | 11 | 12 | 13 | 14 |
| 15 | 16 | 17 | 18 | 19 | 20 | 21 |
| 22 | 23 | 24 | 25 | 26 | 27 | 28 |
| 29 | 30 | 31 | | | | |

**नोभेम्बर २०२३**

| आ | सो | म | बु | बि | शु | श |
|---|---|---|---|---|---|---|
| | | | 1 | 2 | 3 | 4 |
| 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| 12 | 13 | 14 | 15 | 16 | 17 | 18 |
| 19 | 20 | 21 | 22 | 23 | 24 | 25 |
| 26 | 27 | 28 | 29 | 30 | | |

**डिसेम्बर २०२३**

| आ | सो | म | बु | बि | शु | श |
|---|---|---|---|---|---|---|
| | | | | | 1 | 2 |
| 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |
| 31 | | | | | | |

**जनवरी २०२४**

| आ | सो | म | बु | बि | शु | श |
|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 |
| 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| 28 | 29 | 30 | 31 | | | |

**फेब्रुअरी २०२४**

| आ | सो | म | बु | बि | शु | श |
|---|---|---|---|---|---|---|
| | | | | 1 | 2 | 3 |
| 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| 11 | 12 | 13 | 14 | 15 | 16 | 17 |
| 18 | 19 | 20 | 21 | 22 | 23 | 24 |
| 25 | 26 | 27 | 28 | 29 | | |

**मार्च २०२४**

| आ | सो | म | बु | बि | शु | श |
|---|---|---|---|---|---|---|
| | | | | | 1 | 2 |
| 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |
| 31 | | | | | | |

**अप्रिल २०२४**

| आ | सो | म | बु | बि | शु | श |
|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 |
| 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| 28 | 29 | 30 | | | | |

**मे २०२४**

| आ | सो | म | बु | बि | शु | श |
|---|---|---|---|---|---|---|
| | | | 1 | 2 | 3 | 4 |
| 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| 12 | 13 | 14 | 15 | 16 | 17 | 18 |
| 19 | 20 | 21 | 22 | 23 | 24 | 25 |
| 26 | 27 | 28 | 29 | 30 | 31 | |

**जुन २०२४**

| आ | सो | म | बु | बि | शु | श |
|---|---|---|---|---|---|---|
| | | | | | | 1 |
| 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
| 9 | 10 | 11 | 12 | 13 | 14 | 15 |
| 16 | 17 | 18 | 19 | 20 | 21 | 22 |
| 23 | 24 | 25 | 26 | 27 | 28 | 29 |
| 30 | | | | | | |

स्कूलको अन्तिम दिन

**व्यावसायिक सिकाइ दिवस**

**योजना दिवस**

**परिवार सम्मेलन दिवस**

**छिटै छुट्टी हुने दिन**

जुन ५ का दिन कक्षाहरू छिटै अन्त्य हुनेछन्; .५ योजना दिन

**मि.स्कू./हा.स्कूल सोझै आएर भर्ना गराउने**

स्कूलले निर्धारण गर्न र सञ्चार गर्न बाँकी

**नयाँ शिक्षाप्रदायक स्वागत**

**छुट्टि/कक्षाहरु सञ्चालन नहुने**

**बिदा/कक्षाहरु सञ्चालन नहुने**

श्रमिक दिवस (लेबर डे) — सेप्टेम्बर ४

थ्यााँक्सगिभिङ दिवस — नभेम्बर २३

नयाँ वर्ष दिवस - जनवरी १

डा. मार्टिन लुथर किङ जुनियर दिवस - जनवरी १५

राष्ट्रपति दिवस - फेब्रुअरी १९

सेसार चाभेज दिवस - मार्च ३१

मेमोरियल दिवस - मे २७

जुनटिन्थ - जुन १९

**विदाहरू र पर्वहरू**

दिनहरूलाई तल रेखाङ्कित गरी चिन्हित गरिएको छ: पूर्ण सूची यह

**सेमेस्टर मितिहरू**

**1** अगस्ट २१ मा आरम्भ हुने
डिसेम्बर १५ मा अन्त्य हुने

**2** जनवरी ३ मा आरम्भ हुने
जुन ५ मा अन्त्य हुने

**विद्यार्थी हाजिर हुने दिनहरू**

174.5 जम्मा दिनहरू

**शिक्षक हाजिर हुने दिनहरू**

186.0 जम्मा दिनहरू

| विदा/पर्व (सेल्ट्स को धार्मिक विदाहरूमाथिको मार्गनिर्देशनबाट लिइएको) | धर्म/आस्था | स्कूलवर्ष २२-२३ मितिहरू | स्कूलवर्ष २३-२४ मितिहरू | स्कूलवर्ष २४-२५ मितिहरू |
|---|---|---|---|---|
| इद अल-अधा **<br>बलिदानको पर्व। अराफातले हजको अन्त्य आरम्भ गरेको दिन। | इस्लाम | जुलाई ८-९, २०२२ | जुन २८-२९, २०२३ | जुन १६-१७, २०२४ |
| अशुरा<br>यस दिन एउटा अतिरिक्त उपवास रहेको छ। शियाको पर्व पैगम्बर मोहम्मदका नाति, हुसैनको शहादतमा आधारित छ, उनी यही दिन ६८३/६८४ सिइमा कर्बालाको युद्धमा सहीद भएका थिए। सुन्नीहरूको पर्व भने असङ्ख्य बाइबल तथा कुरानका घटनाहरूमा आधारित छ। | इस्लाम | अगस्ट ८, २०२२ | जुलाई १९, २०२३ | जुलाई ८, २०२३ |
| कृष्ण जन्माष्टमी<br>भगवान् विष्णुका आठौँ अवतार कृष्णको जन्म उत्सव। | हिन्दु | अगस्ट १८-१९, २०२२ | सेप्टेम्बर ६-७, २०२३ | अगस्ट २५-२६, २०२४ |
| रोश हशनाह #<br>यहुदी नयाँ वर्ष आत्मविश्लेषण, पहरेज, तथा प्रार्थनाको दिन। | यहुदी | सेप्टेम्बर २५-२७, २०२२ | सेप्टेम्बर १५-१७, २०२३ | अक्टोबर २-४, २०२४ |
| गेडालियाको उपवास<br>गेडालियाको उपवास गेडालियाको हत्या सम्झना गर्नका लागि मनाइने उपवास हो, ती अधिकारीमाथि जुडाहका यहुदी जनसङ्ख्यालाई निरीक्षण गर्ने जिम्मेवारी थियो। | यहुदी | सेप्टेम्बर २८, २०२२ | सेप्टेम्बर १८, २०२३ | अक्टोबर ६, २०२४ |
| योम किप्पुर (प्रायश्चितको दिन) #<br>वर्षको सबैभन्दा पवित्र तथा पावन दिन हो जसमा यहुदीहरूले उपवास र प्रार्थना गरेर दिन बिताउँछन् । | यहुदी | अक्टोबर ४-५, २०२२ | सेप्टेम्बर २४-२५, २०२३ | अक्टोबर ११-१२, २०२४ |
| माबोन/शरद रात र दिन बराबर हुने दिन**<br>माबोन शरद ऋतुको आगमन र यससँगै फसल काट्ने दिन हो। यसले प्रचुरताको उत्सव मनाउँछ, जुन वर्षभरि लगाइएको श्रमको फल हो र छिटै आउने हिउँदको सङ्केत पनि हो। | पगान-विक्कान | सेप्टेम्बर २३, २०२२ | सेप्टेम्बर २३, २०२३ | सेप्टेम्बर २२, २०२४ |
| सुक्कोट #<br>देवालयको भोज पनि भनेर चिनिने - यसले फसल कटानी र जङ्गलमा घुम्दै जाँदा तम्बूमा बस्ने इज्राएलका मानिसहरूको संरक्षणको उत्सव मनाउँछ। | यहुदी | अक्टोबर ९-१६, २०२२ | अक्टोबर ९-११, २०२३ | सेप्टेम्बर २९ - अक्टोबर १, २०२४ |
| शेमिनि एजरेट/सिमचट टोराह #<br>टोराह पठनको वार्षिक चक्रको समापन। | यहुदी | अक्टोबर १७, २०२२ | अक्टोबर १६ - १८, २०२३ | अक्टोबर ६ - ८, २०२४ |
| मावलित-अल-नवी/पैगम्बर मोहम्मदको जन्म**<br>करिब ५७० सिइमा इस्लामका संस्थापक पैगम्बर मोहम्मदको जन्मको उत्सव विश्वव्यापी रूपमा नमनाइने। | इस्लाम | अक्टोबर ८, २०२२ | सेप्टेम्बर २८, २०२३ | सेप्टेम्बर १६, २०२४ |
| समहैन**<br>समहैन वर्षका सबैभन्दा महत्वपूर्ण पर्वहरू मध्येको एक हो। यसलाई अत्यन्त शक्तिशाली समय मानिन्छ र यसलाई मार्गदर्शन, मद्दत, नकारात्मकताको अन्त्य र सकारात्मक रूपमा नयाँ वर्षको आरम्भ प्रार्थना गर्नका लागि उत्कृष्ठ समय। | पगान-विक्कान | अक्टोबर ३१- नोभेम्बर १, २०२२ | अक्टोबर ३१ - नोभेम्बर १, २०२३ | अक्टोबर ३१ - नोभेम्बर १, २०२४ |
| बन्दी छोर दिवस<br>गुरु हरगोविन्द सर्का १६१२ मा कारागार मुक्त हुनु भएको अवसरमा "मुक्ति दिवस" का रूपमा मनाइने। | सिख | अक्टोबर २४, २०२२ | अक्टोबर १२, २०२३ | नोभेम्बर १, २०२४ |

| विदा/पर्व (सेल्ट्स को धार्मिक विदाहरूमाथिको मार्गनिर्देशनबाट लिइएको) | धर्म/आस्था | स्कूलवर्ष २२-२३ मितिहरू | स्कूलवर्ष २३-२४ मितिहरू | स्कूलवर्ष २४-२५ मितिहरू |
|---|---|---|---|---|
| दिवाली**<br>मानिसहरूको प्रकाशतर्फ अघि बढ्ने इच्छा सङ्केत गर्ने प्रकाशको पर्व। | हिन्दु | अक्टोबर २४, २०२२ | नोभेम्बर १२, २०२३ | अक्टोबर ३१, २०२४ |
| बबको जन्मदिन #<br>१८१९ मा पर्सियाको सिराजमा, बहाई धर्मका सियीद, "बब", पैगम्बर-अग्रदूतको जन्म वार्षिकी बहाई धर्मावलम्बीहरूले मनाउने दिन। | बहाई | अक्टोबर २५-२६, २०२२ | अक्टोबर १६, २०२३ | नोभेम्बर २, २०२४ |
| बहाउल्लाहको जन्मदिन #<br>१८१७ मा पर्सियाको नुरमा बहाई धर्मका पैगम्बर-संस्थापक बहाउल्लाहको जन्म वार्षिकी। | बहाई | अक्टोबर २६-२७, २०२२ | अक्टोबर १७, २०२३ | नोभेम्बर ३, २०२४ |
| गुरु नानकको जन्मदिन<br>सिख धर्मका संस्थापक गुरु नानकको सर्का १४६९ मा जन्मको उत्सव मनाउने दिन, नोभेम्बर महिनाको पूर्णिमाको दिन मनाइन्छ। | सिख | नोभेम्बर ३०, २०२२ | नोभेम्बर २७, २०२३ | नोभेम्बर १५, २०२४ |
| अब्दुल बहाको अधिरोहण<br>अब्दुल बहाको अधिरोहणले नोभेम्बर २८, १९२१ - का दिन उनको मृत्यु, तथा पूर्ववर्ती रूपमा, अब्दुल बहाको जीवन सम्झना गर्छ। | बहाई | नोभेम्बर २७-२८, २०२२ | नोभेम्बर २८, २०२३ | नोभेम्बर २८, २०२४ |
| हानुक्काह (चानुक्काह)<br>एउटा यहुदी पर्व जसले सेलेउसिड साम्राज्य विरुद्धको मक्काबीन विद्रोहको समयमा जेरुसेलममा दोस्रो मन्दिरको नयाँ समर्पणको सम्झना गर्दछ। यसलाई प्रकाशहरूको पर्वको नामले पनि जानिन्छ। | यहुदी | डिसेम्बर १९-२६, २०२२ | डिसेम्बर ७-१५, २०२३ | डिसेम्बर २५, २०२४ - जनवरी २, २०२५ |
| युल/हिउँदे दिन र रात बराबर हुने दिन<br>युल हिउँदको समयमा दिनहरू छोटा भएपछि मनाइन्छ। यो आउँदा चिसा महिनाहरूका लागि अन्तिम तयारीहरू गर्ने समय हो। यो सूर्य वा अग्निको न्यानो र जीवन-दायिनी स्रोतबारे आफैंलाई सम्झाउने समय पनि हो। | पगान-विक्कान | डिसेम्बर २१, २०२२ | डिसेम्बर २१, २०२३ | डिसेम्बर २१, २०२४ |
| क्रिस्टमस #<br>ईशाईहरूले ईशा मसीहको जन्मदिन मनाउने दिन। यो प्रार्थना गरेर, उपहारहरू आदानप्रदान गरेर र पारिवारिक भेटघाट गरेर मनाइन्छ (ग्रेगोरियन क्यालेन्डर अनुसार)। | ईशाई | डिसेम्बर २५, २०२२ | डिसेम्बर २५, २०२३ | डिसेम्बर २५, २०२४ |
| क्वान्जा<br>अफ्रिकी सम्पदा तथा अफ्रिकी-अमेरिकी संस्कृतिलाई सम्मान गर्ने सप्ताहव्यापी उत्सव। | अन्तर्धर्म/अफ्रिकी-अमेरिकी | डिसेम्बर २६ - जनवरी १, २०२३ | डिसेम्बर २६, २०२३ - जनवरी १, २०२४ | डिसेम्बर २६, २०२४ - जनवरी १, २०२५ |
| ईशाअवतरणको उत्सव<br>ईश्वरले ईशा मसीहका रूपमा अवतार ग्रहण गरेको दिनको उत्सव मनाउँछ। | ईशाई | जनवरी ६, २०२३ | जनवरी ६, २०२४ | जनवरी ६, २०२५ |
| पूर्वी अर्थोडक्स क्रिस्टमस<br>ईशाईहरूले ईशा मसीहको जन्मदिन मनाउने दिन। यो प्रार्थना गरेर, उपहारहरू आदानप्रदान गरेर र पारिवारिक भेटघाट गरेर मनाइन्छ (जुलियन क्यालेन्डर अनुसार)। | अर्थोडक्स ईशाई | जनवरी ७, २०२३ | जनवरी ७, २०२४ | जनवरी ७, २०२५ |
| लुनार नव वर्ष<br>लुनार नव वर्ष लुनार पात्रामा नयाँ वर्षको आरम्भ हो। संसारभरिका विभिन्न संस्कृतिका मानिसहरूले नव वर्षमा भाग्य, धन तथा सम्पन्नता भित्र्याउनका लागि ठूल्ठूला उत्सवहरू मनाउँछन्। यी पर्वहरू एउटा पूरै महिनासम्म पनि मनाइन सक्छन्। धन्यवाद ज्ञापन गर्न र आफ्ना पुर्खाहरूलाई सम्मान गर्न परिवारहरू तथा बन्धुबान्धवहरू एकै ठाउँ भेला हुन्छन्। | कन्फ्युसियावाद/ताओवाद/बौद्ध | जनवरी २२, २०२३ | फेब्रुअरी १०, २०२४ | जनवरी २९, २०२५ |

| विदा/पर्व (सेल्ट्स को धार्मिक विदाहरूमाथिको मार्गनिर्देशनबाट लिइएको) | धर्म/आस्था | स्कूलवर्ष २२-२३ मितिहरू | स्कूलवर्ष २३-२४ मितिहरू | स्कूलवर्ष २४-२५ मितिहरू |
|---|---|---|---|---|
| इम्बोल्क/वसन्तको सङ्कल्प<br>एउटा उल्लासपूर्ण अवसर, जसले वसन्त फिर्ता आउनुको सङ्कल्प सङ्केत गर्दछ। यो एउटा यस्तो समय हो जसमा फसल तथा जनावरहरू दुवैलाई प्रचुरताको वर्ष सुनिश्चित गर्न आशीर्वाद दिइन्छ, जसमा सबै स्वस्थ रहून् र छिटै नयाँ जीवन उत्सर्जित होस् भन्ने कामना गरिन्छ। | पगान-विक्कान | फेब्रुअरी १, २०२३ | फेब्रुअरी १, २०२४ | फेब्रुअरी १, २०२५ |
| भस्म बुधबार/उपवास<br>पश्चिमी ईशाई धर्ममा उपवास आरम्भ हुन्छ। | ईशाई | फेब्रुअरी २२, २०२३ | फेब्रुअरी १४, २०२४ | मार्च ५, २०२५ |
| पूर्वी अर्थोडक्समा उपवासको आरम्भ<br>बृहत् चालीस दिने उपवासको पहिलो दिन, स्वच्छ सोमबारबाट आरम्भ र त्यसपछि उपवासका गौरवमय अवधिहरू, लाजारस शनिबार, तथा पाम आइतबार, र पवित्र हप्तामा समापन। | अर्थोडक्स इशाई | फेब्रुअरी २७, २०२३ | मार्च १८, २०२४ | मार्च ३, २०२५ |
| एस्थरको उपवास, पुरिम<br>पुरिमको कथामा यहुदीहरूद्वारा पालना गर्ने उपवासको सम्झना। | यहुदी | मार्च ६-७, २०२३ | मार्च २३-२४, २०२४ | मार्च १३-१४, २०२५ |
| होला मोहल्ला<br>चन्द्रमास चैतको पहिलो दिनबाट मनाइने तीन-दिने सिख पर्वको आरम्भ। | सिख | मार्च ८-१०, २०२३ | मार्च २५-२७, २०२४ | मार्च १४-१६, २०२५ |
| नौरुज #<br>नयाँ वर्षको पहिलो दिनको उत्सव, यो बहाईहरूका नौ पवित्र दिनहरूमध्ये एक हो जसमा काम स्थगन गरिन्छ। यो सामान्यतया प्रार्थना तथा उत्सव मनाउनका लागि भेटघाट गरेर मनाइन्छ। | बहाई/जोरोएस्ट्रियानिज्म | मार्च २१-२२, २०२३ | मार्च २१-२२, २०२४ | मार्च २१-२२, २०२५ |
| ओस्टारा/वसन्त दिन तथा रात बराबर हुने दिन<br>वसन्त तथा नयाँ जीवन आगमनको उत्सव। | पगान-विक्कान | मार्च २०, २०२३ | मार्च २०, २०२४ | मार्च २०, २०२५ |
| रमादान<br>इस्लामी वर्षको सबैभन्दा पवित्र अवधि जसमा पैगम्बर मोहम्मदले पवित्र कुरानको आविर्भाव प्राप्त गरेको उत्सव मनाइन्छ। यो एक महिना लामो आत्मविश्लेषण, प्रार्थना, तथा सूर्योदयदेखि सूर्यास्तसम्मको समर्पित उपवासको समय हो।  उपवासको यस समयमा जानाजान पिउनु, खानु वा पोषक तत्त्वको कुनै सुई लिन वर्जित गरिएको छ। | इस्लाम | मार्च २२ - अप्रिल २१, २०२३ | मार्च १० - अप्रिल ८, २०२४ | फेब्रुअरी २८ - मार्च २९, २०२५ |
| वैशाखी<br>खाल्सा भ्रातृत्वको जन्म, सिख नयाँ वर्षको उत्सव जसले सामूहिक आस्थाका रूपमा सिख धर्मको उत्पत्तिको उत्सव मनाउँछ। | सिख | अप्रिल १४, २०२३ | अप्रिल १३, २०२४ | अप्रिल १४, २०२५ |
| गुड फ्राइडे<br>ईशा मसीह सूलीमा चढेको तथा क्यालबारीमा उनको मृत्युको सम्झना उत्सव मनाउँछ। | ईशाई | अप्रिल ७, २०२३ | मार्च २९, २०२४ | अप्रिल १८, २०२५ |
| बेचोरोटको उपवास<br>पहिलोपटक जन्मेका यहुदी छोराहरूलाई प्लेगबाट बचाउने चमत्कारको उत्सव मनाउँछ। | यहुदी | अप्रिल ५, २०२३ | अप्रिल २२, २०२४ | अप्रिल १०, २०२५ |
| पासओभर (पेसाच) #<br>यदुहीहरूलाई दासत्वबाट मुक्ति प्रदान गरिएको उत्सव मनाउँछ। | यहुदी | अप्रिल ५ - अप्रिल १३, २०२३ | अप्रिल २२ - ३०, २०२४ | अप्रिल १२ - २०, २०२५ |
| इस्टर<br>इशाई पवित्र दिनहरू मध्ये सबैभन्दा पवित्र। यस दिनले सूलीमा चढेर ईशा मसीहको मृत्यु भएपछि उनी पुनर्जीवित भएको उत्सव मनाउँछ। | ईशाई | अप्रिल ९, २०२३ | मार्च ३१, २०२४ | अप्रिल २०, २०२५ |

| विदा/पर्व (सेल्ट्स को धार्मिक विदाहरूमाथिको मार्गनिर्देशनबाट लिइएको) | धर्म/आस्था | स्कूलवर्ष २२-२३ मितिहरू | स्कूलवर्ष २३-२४ मितिहरू | स्कूलवर्ष २४-२५ मितिहरू |
|---|---|---|---|---|
| रिदभन #<br>यसले बहाईउल्लाह, पैगम्बर-संस्थापक, १२ दिनका लागि रिदभन (स्वर्ग) को बगैंचामा बसेको र सार्वजनिक रूपमा आफ्नो युगका लागि आफू ईश्वरको दूत रहेको घोषणा गरेको उत्सव मनाउँछ। यो पहिलो, नवौं, र बाह्रौं दिनलाई पवित्र दिनका रूपमा मनाइन्छ जब बहाईहरूले काम स्थगित गर्दछन्। | बहाई | अप्रिल २० - मे २, २०२३ | अप्रिल २० - मे २, २०२४ | अप्रिल २० - मे २, २०२५ |
| पूर्वी अर्थोडक्स गुड फ्राइडे<br>ईशाईहरूले ईशा मसीह सूलीमा चढेको र सम्बन्धित घटनाहरू सम्झना गर्ने दिन। | अर्थोडक्स ईशाई | अप्रिल १४, २०२३ | मे ३, २०२४ | अप्रिल १८, २०२५ |
| पूर्वी अर्थोडक्स इस्टर<br>इशाई पवित्र दिनहरू मध्ये सबैभन्दा पवित्र। यस दिनले सूलीमा चढेर ईशा मसीहको मृत्यु भएपछि उनी पुनर्जीवित भएको उत्सव मनाउँछ। | अर्थोडक्स ईशाई | अप्रिल १६, २०२३ | मे ५, २०२४ | अप्रिल २०, २०२५ |
| लयलत अल-कद्र**<br>यो नियतिको रात्रि वा सामर्थ्यको रात्रि हो। यसले पैगम्बर मोहम्मदले कुरानको आविर्भाव प्राप्त गरेको सम्झना गर्छ। | इस्लाम | अप्रिल १८, २०२३ | अप्रिल ६, २०२४ | मार्च २७, २०२५ |
| रिदभनको ९वौं दिन<br>सम्पूर्ण मानव परिवारको एकता विस्तार गरेर पारिवारिक बन्धनको पुनर्योग तथा सामर्थ्यको सङ्केत गर्दछ। | बहाई | अप्रिल २८-२९, २०२३ | अप्रिल २९, २०२४ | अप्रिल २९, २०२५ |
| बेल्टेन/अग्नि पर्व, मेडे<br>बेल्टेन वसन्त र ग्रीष्मबीचको आधा मार्गको बिन्दु हो। यो वसन्तको उर्वरताप्रति कृतज्ञ हुने र धन्यवाद दिने समय हो, उत्सवहरू मे प्रथमको पूर्वसन्ध्याबाट आरम्भ हुन्छन्। | पगान-विक्कान | अप्रिल ३०, २०२३ | मे १, २०२४ | मे १, २०२५ |
| रिदभनको १२औं दिन<br>यसले बहाईउल्लाहको बगदादबाट प्रस्थानको पूर्व सन्ध्या सम्झना गर्दछ। | बहाई | मे २, २०२३ | मे २, २०२४ | मे २, २०२५ |
| इद अल-फित्र (मिति दिन अनुसार फरक हुन सक्छ)<br>यसले रमादानको अन्त्य जनाउँछ। यो ईश्वरलाई धन्यवाद ज्ञापन गर्ने पर्व हो। | इस्लाम | अप्रिल २१-२२, २०२३ | अप्रिल १०, २०२४ | मार्च ३१, २०२५ |
| वैसाख (वैशाख पूजा) - बुद्ध दिवस # **<br>भगवान् बुद्धको जन्म, ज्ञानप्राप्ति तथा मृत्यु (निर्वाण प्राप्ति) को उत्सव हो। | बौद्ध धर्म | मे ५, २०२३ | मे २३, २०२४ | मे १२, २०२५ |
| बबको घोषणा**<br>मे २३, १८४४ को सम्झना जब, बहाई धर्मका पैगम्बर-दूतले आफू ईश्वरको नयाँ दूतको सन्देशवाहक भएको घोषणा गरे। | बहाई | मे २३-२४, २०२३ | मे २३, २०२४ | मे २३, २०२५ |
| अधिरोहण दिवस<br>इस्टरको चालीसौं दिन जसले ईशा मसीहको स्वर्गतर्फको अधिरोहण सम्झना गर्दछ। | ईशाई | मे १८, २०२३ | मे ९, २०२४ | मे २९, २०२५ |
| बहाउल्लाहको अधिरोहण<br>बहाई धर्मका पैगम्बर-संस्थापक बहाउल्लाहको निर्वासनमा भएको मृत्युको वार्षिकी मनाउँछ। | बहाई | मे २८-२९, २०२३ | मे २९, २०२४ | मे २९, २०२५ |
| साभोट #<br>टोराह (मोसेजका ५ पुस्तकहरू) प्रदानको सम्झना गर्ने तीनवटा तीर्थ विदाहरूमध्ये एक। | यहुदी | मे २५-२७, २०२३ | जुन ११-१३, २०२४ | जुन १-३, २०२५ |

| विदा/पर्व (सेल्ट्स को धार्मिक विदाहरूमाथिको मार्गनिर्देशनबाट लिइएको) | धर्म/आस्था | स्कूलवर्ष २२-२३ मितिहरू | स्कूलवर्ष २३-२४ मितिहरू | स्कूलवर्ष २४-२५ मितिहरू |
|---|---|---|---|---|
| पेन्टेकोस्ट<br>ईश्वर पवित्र आत्मा आफ्ना शिष्यहरूमा अग्निका जिब्राहरू तथा तीव्र वायुका रूपमा प्रवेश गरेको दिनको इशाई सम्झना। यो ब्याप्टिज्म था नयाँ ईशाईहरूको प्रमाणीकरणको एक परम्परागत दिन हो। | ईशाई<br>(आरसि, पि, ओ) | मे २८, २०२३ | मे १९, २०२४ | जुन ८, २०२५ |
| लिथा/ग्रीष्म सङ्क्रान्ति<br>लिथा वर्षकै सबैभन्दा लामो दिनको उत्सव हो। | पगान-विक्कान | जुन २१, २०२३ | जुन २०, २०२४ | जुन २०, २०२५ |
| लुगनसध/पहिलो फसल<br>ग्रीष्म र शरदबीचको मध्यतिर, यो अनाज तथा फलफूलहरूको पहिलो फसल प्राप्ति हो। यसले आहार तथा ताजा फलफूलहरूहरूको नयाँ फसलको उत्सव मनाउँछ र कृतज्ञता प्रकट गर्दछ। | पगान-विक्कान | अगस्ट १, २०२३ | अगस्ट १, २०२४ | अगस्ट १, २०२४ |